मिर्चैया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश

**मिति २०८०/०२/११ गते बसेको ५८ औ नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः**

मिति २०८०/०२/११ गते गतेका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगर कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा वैठक बसी तपसिल वमोजिमको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १.नगर प्रमुख | श्री श्रवण कुमार यादव | -अध्यक्ष |
| २. नगर उप प्रमुख | श्री जिबछी देवी साह | -सदस्य |
| ३.वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो | -सदस्य |
| ४.वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ | -सदस्य |
| ५.वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव | -सदस्य |
| ६.वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह | -सदस्य |
| ७.वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह | -सदस्य |
| ८.वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ | -सदस्य |
| ९.वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही | -सदस्य |
| १०.वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव | -सदस्य |
| ११.वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल | -सदस्य |
| १२.वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह | -सदस्य |
| १३.वडा अध्यक्ष वडा नं.११ | श्री चन्द्रदिप कुमार यादव | -सदस्य |
| १४.वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव | -सदस्य |
| १५.कार्यपालिका सदस्य | श्री विनोद प्रसाद महतो | -सदस्य |
| १६. कार्यपालिका सदस्य | श्री रामवृक्ष महरा | -सदस्य |
| १७.कार्यपालिका सदस्य | श्री दिपेश कुमार सिंह | -सदस्य |

| | | |
|---|---|---|
| १८.महिला कार्यपालिका सदस्य | श्री जरिना खातुन | -सदस्य |
| १९.महिला कार्यपालिका सदस्य | श्री अनिता देवी कापैर | -सदस्य |
| २०.महिला कार्यपालिका सदस्य | श्री आशा कुमारी यादव | -सदस्य |
| २१.महिला कार्यपालिका सदस्य | श्री निर्मला विश्वकर्मा | -सदस्य |
| २२.महिला कार्यपालिका सदस्य | श्री नरघिमा लामा | -सदस्य |
| २३.नि.प्रमुख प्रशासकीय अधिकृत | श्री विजय कुमार महतो | -सचिब |

**प्रस्ताव न.१.मिचैया नगरपालिकाको शैक्षिक गुणस्तर सुधार सम्वन्धमा ।**

निर्णय

मिचैंया नगरणलिका भित्र रहेका विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नको लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय

**क.**विध्यालयको नियमित अनुगमन गर्ने र अनुगमन गर्न देहाय बमोजिम गर्नेः

**अ.**नगरस्तरमा नगर प्रमुख ज्यु को संयोजकत्वमा प्रमुख प्रशासकिय अधिकृत-सदस्य र शिक्षा अधिकृत सदस्य रहने गरि ३ सदस्य समिति गठन गरि अनुगमन गर्ने ।

**आ.**वडा स्तरमा वडा अध्यक्ष ज्यूको संयोजकत्वमा २ जना निर्वाचित वडा सदस्य रहने गरि ३ सदस्य समिति गठन गरि अनुगमन गर्ने ।

**ख.** विध्यालयमा आधारभुत खानेपानि, तथा सरसफाई स्वच्छता, सौन्दर्यकरण गर्ने। फोहोर व्यवस्थापन र वृक्षारोपन (Plantation) गर्ने ।

**ग.** शैक्षिक सामग्रि, कार्पेट , डेकस वेन्च, पुस्तकालय व्यवस्थापन,बिद्यार्थीलाई ड्रेस,टाईबेल्टको व्यवस्थापन गर्ने ।

**घ** जनशक्ति एवं दरबन्दी मिलानको लागि कार्य अगाडी बढाउने ।

**ङ.** शिक्षक, कर्मचारीहरुको हाजिरी विवरण प्रतिवेदनको आधारमा तलब भत्ता निकाशा गरि पठाउने व्यवस्था गर्ने ।

**च.** सामुदायिक विद्यालयमा नियमित विद्यार्थी हाजिरी ८०% (सत्तरी प्रतिशत) अनिबार्य हुनुपर्ने सो नभए उक्त विद्यार्थिको अभिभावक सम्बन्धित विद्यालयको अभिभाबकको रुपमा कायम नरहने व्यवस्था गर्ने ।

छ. विद्यालयमा विद्यार्थीहरुको दिवा खाजा Sheudle ब्यबस्थापनको लागि Tender आह्वान गर्ने र पोषणयुक्त खाजा बिद्यालयसम्म पुग्ने व्यवस्था गर्ने।

ज.वडा स्तरीय नमुना विद्यालयको अबधारणा अगाडी बढाई कडाइका साथ कार्यान्यन गर्ने ।

झ.शिक्षा क्षेत्रमा शिक्षा बिज्ञलाई हायर गरी शिक्षा सुधार कार्यक्रम कार्यविधि निर्माण गरि बिद्यालय बर्गिकरण एबम निजि बिद्यालयमा शुल्क निर्धारण ,जनशक्ति व्यवस्था ,पाठ्यपुस्तक लगायतका सम्बन्धमा कार्यविधि निर्माण गरि कार्यान्वयन प्रकृया अगाडी बढाउने ।

ञ विद्यालयमा बिद्यार्थीको लागि पुस्तक व्यवस्थानका लागि टेन्डर आह्वान गरि प्रकृया अगाडी बढाउने ।

ट.समस्या मुलक कार्य गर्ने शिक्षक, कर्मचारीलाई अनुगमन गरि आबश्यक कावाही प्रकृया अगाडि बढाउने ।
ठ. माथि उल्लेखित बिषयबस्तु कार्यान्वन गर्नका लागि आबश्यक बजेट रकमको व्यवस्था गर्ने ।

**प्रस्ताब न २.वैदेसीक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनः एकीकरण (Remi) परियोजना संचालन सम्वन्धमा ।**

निर्णय

वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिहरुको लागि पुनः एकीकरण (Remi) परियोजना स्वीकार गर्ने र उक्त परियोजना संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताब न ३. बालिका तथा समावेशी शिक्षा सञ्चालन तथा परिचालन कार्यविधि २०८० स्विकृत सम्बन्धमा ।**

निर्णय

बालिका तथा समावेशी शिक्षा सञ्चालन तथा परिचालन कार्यविधि २०८०, स्वीकृत गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**प्रस्ताब न ४. बाल अधिकार संरक्षण तथा प्रबर्धन कार्यविधि २०७८ संसोधन गर्ने सम्वन्धमा ।**

निर्णय

बाल अधिकार संरक्षण तथा प्रबर्धन कार्यविधि २०७८ लाई संशोधन गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताब न ५. नदीजन्य खानीजन्य पदार्थको उत्खन्न, संकलन र बिक्री सम्वन्धमा ।**

निर्णय

नदिजन्य,खानीजन्य पदार्थको उत्खनन, संकलन र विक्री EIA रिपोर्ट अनुशार गर्ने निर्णय गरियो ।

**प्रस्ताब न ६ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा**

निर्णय

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत आ.ब.२०७९/०८० को लागि आ.बि मटिअर्बामा रु २२,५०,००० र आ.बि. मन्ठाही को लागि आ.ब. २०७८/०७९ मा रु १८,५०,००० रकम बिनियोजन भएकोमा आ.बि मटिअर्बामा भवन बनाउने जग्गाको अभाब रहेकोले उक्त आ.बि. मन्ठाही को भवन बनाउने रकम रु १८,५०,००० र आ.बि मटिअर्बाको रु २२,५०,००० गरि रु ४१,००,००० रकमबाट आ.बि मटिअर्बामा ४ कोठे भवन बनाउने र उक्त रकममा अपुग रकम नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।